नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)

☎ ०९१-५२११०१ 📠 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi
धनगढी,कैलाली

प.सं. ०८१।८२
च.नं. १३५०

मितिः- २०८१।०५।३१
ने.सं. : ११४४

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धनगढी, कैलाली

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह सबै, कैलाली ।
श्री डिभिजन वन कार्यालय, धनगढी/पहलमानपुर कैलाली ।

उपरोक्त विषयमा कार्बन खरिद बिक्री सम्वन्धमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार काठमाडौको प.सं.०८२/०८२/०८, च.नं.३७२, मिति २०८१/०५/२५ गतेको पत्रसाथ प्राप्त वन तथा वातावरण मन्त्रालय, योजना अनुगमन तथा समन्वय महाशाखा, नीति विश्लेषण शाखा, सिंहदरवार काठमाण्डौंको च.नं.११३, मिति २०८१/०५/२३ गतेको प्राप्त पत्र तथा विज्ञप्तिको छाँयाप्रति पाना थान-२ यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यान्वयन तथा सहजीकरणको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८१/०५/३१

निता धामी
प्रशासकीय अधिकृत

श्री प्रशासन/सूचना प्रविधि शाखा,
वडा कार्यालयलाई जानकारी गराउने र
वेबसाइटमा अपलोड गर्ने।

२०८१.०५.३१

गोदावरी नगरपालिका
दर्ता नं. २९०८
मिति ५।३१
दस्तखत

नेपाल सरकार
गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा नियन्त्रण शाखा)
सिंहदरबार,
काठमाडौं, नेपाल ।
फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्या:- शा.सु. ०८१/०८२/०८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- 362

मिति : २०८१/०५/२५
नेपाल संवत ११४४ गुंलागा ०७

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

उपर्युक्त विषयमा वन तथा वातावरण मन्त्रालयको च. नं. ११३ मिति २०८१/०५/२३ को यस मन्त्रालयमा प्राप्त पत्रानुसार वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८१/०५/१८ गते प्रकाशित विज्ञप्तिको छायाप्रति पाना-१ (एक) यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यान्वयन एवं सहजीकरणको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(विजयकुमार महर्जन)
शाखा अधिकृत

जिल्ला प्रशासन कार्यालय कैलाली
दर्ता नं. 566
मिति : 2081/5/30

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

योजना, अनुगमन तथा समन्वय महाशाखा

नीति विश्लेषण शाखा

पत्र संख्या :- नी. वि. शा.-३१-२०८१/०८२

चलानी नं. :- ११३

प्राप्त पत्र संख्या र मिति :-

मिति : २०८१।०५।२३

नेपाल सम्वत: ११४४, अलाथ्व पञ्चमी

विषय : प्रकाशित विज्ञप्ति कार्यान्वयनका लागि सबै जिल्ला प्रशासन कार्यालयमा प्रेषित गर्ने सम्बन्धमा।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

गृह मन्त्रालय
...... शाखा
द.नं.: 2996
मिति: 05/28

प्रस्तुत विषयमा वन तथा वातावरण मन्त्रालयले मिति २०८१/०५/१६ मा प्रकाशन गरेको विज्ञप्तिमा उल्लेख भएको विषयवस्तुको कार्यान्वयनका क्रममा कोही कसैले वन तथा वातावरण मन्त्रालयको स्वीकृति प्राप्त नगरी कार्वन खरिद बिक्री गर्ने गराउने कार्यमा संलग्न भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने भएकोले यस्तो विषयको कुनै सूचना वा प्रमाण भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउन हुन अनुरोध छ भनी उल्लेख भएकोले उक्त कार्यलाई कानूनको दायरामा ल्याउन जिल्ला प्रशासन कार्यालय (सबै ७७ जिल्ला) मा पत्राचार गरिदिन नेपाल सरकार, गृह मन्त्रालय मार्फत अनुरोध गर्ने भनी वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८१।०५।१८ को निर्णय अनुसार प्रकाशित विज्ञप्ति यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गर्दछु।

2081/05/23

सुभाष कुमार शर्मा
वन अधिकृत

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

पो.ब.नं : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :-
चलानी नं :-

मिति :-

## विज्ञप्ती

विभिन्न स्वदेशी तथा विदेशी कम्पनीले निजी जग्गामा किसानले लगाएको रुखहरुको कार्बन खरिद बिक्रीका लागि सम्झौता गर्ने विभिन्न आश्वासन दिई कार्बन व्यापारको कार्य गरिरहेको भन्ने जनगुनासो प्राप्त भएको हुँदा यस्ता गतिविधिका सम्बन्धमा वन तथा वातावरण मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

नेपालको संविधान बमोजिम कार्बन सेवा संघको एकल अधिकारको सूचीमा रहेको र वातावरण संरक्षण ऐन, २०७६ ले नेपाल सरकारले कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था गरेको सन्दर्भमा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार वन तथा वातावरण मन्त्रालयको कार्य क्षेत्र भित्र पर्ने कार्बन सेवा र कार्बन सञ्चिति सम्बन्धी विषयमा यस मन्त्रालयले क्योटो अभिसन्धि अन्तर्गतका स्वच्छ विकास संयन्त्र र पेरिस सम्झौताको दफा ६ (Article 6) अन्तर्गत हुने कार्बन व्यापारको लागि राष्ट्रिय आधिकारिक निकाय (National Designated Authority) तथा United Nations Framework Convention on Climate Change (UNFCCC) को लागि प्रमुख सम्पर्क बिन्दु (Focal Point) को रुपमा कार्य गरिरहेको छ ।

नेपाल सरकारको पहलमा यस मन्त्रालयले सबै सरोकारवालाहरुको सक्रिय सहभागितामा वन विनाश र वनको क्षयीकरण कम गरी कार्बन उत्सर्जन घटाउने उद्देश्य राखी रेड कार्यान्वयन केन्द्र मार्फत तराई भू-परिधि क्षेत्रका १३ जिल्लामा उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन गरिरहेको साथै बागमती, लुम्बिनी र गण्डकी प्रदेशका ३६ जिल्लामा वन क्षेत्रबाट हुने उत्सर्जन कम गर्ने गरी अर्को रेडप्लस कार्यक्रम तयार गरी कार्यान्वयनमा लगेको छ । यसका अतिरिक्त यस मन्त्रालयको स्वीकृतिमा नेपाल सरकारको वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र प्रस्तावक भई उर्जा क्षेत्रमा केही कार्बन व्यापार सम्बन्धी परियोजनाहरु संचालनमा रहेको विषय सर्वविदितै छ ।

यस सन्दर्भमा यस मन्त्रालयको अनुमति वा स्वीकृति नलिई नेपालको प्रचलित कानुनी व्यवस्था विपरीत वन, उर्जा, कृषि, फोहोरमैला लगायतका कुनै पनि क्षेत्र वा उपक्षेत्रमा निजी वा सार्वजनिक, स्वदेशी वा  विदेशी संघ संस्था वा कम्पनीले कार्बन व्यापार सम्बन्धी परियोजना तयार गर्नु वा संचालन गर्नु गराउनु गैरकानूनी हुन्छ । अहिले देशका केही स्थानमा निजि जग्गामा किसानले लगाएको रुखको कार्बन बिक्री गर्ने साथै सुधारिएको/विद्युतीय चुल्हो लगायतका प्रविधि मार्फत कार्बन खरिद बिक्री गर्ने नाममा जनतामा भ्रम सिर्जना गर्न सक्ने जोखिम रहेको हुँदा यस्ता कार्यमा संलग्न नहुन सर्वसाधारण सबैमा अनुरोध छ । नेपाल सरकारको अनुमति विना कार्बन खरिद बिक्रीको कार्य भए गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने भएकोले त्यस्तो कुनै सुचना वा प्रमाण भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा जानकारी दिनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

प्रवक्ता/सहसचिव
बद्रिराज ढुङ्गाना

मिति: २०८१/०५/१६
नेपाल सम्वत ११४४ (गुंलागा चतुर्दशी)